**म.प.बै.सं. ३२।०८२**

**संवत् २०८२ साल कात्तिक १२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को अनुसूचीमा हेरफेर गर्ने।

२. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः २०८२ मङ्सिर ६ देखि १३ गतेसम्म पेरूको लिमामा आयोजना हुने International Treaty on Plant Genetic Resources for Food and Agriculture (ITPGRFA) को Governing Body को एघारौं अधिवेशन (GB-११) मा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्मालाई स्वीकृति दिने।

३. गृह मन्त्रालयः २०८२ मङ्सिर ८ देखि ११ गतेसम्म मोरक्को मराकसमा आयोजना हुने ९३ औं INTERPOL महासभामा सहभागी हुन प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीलाई स्वीकृति दिने।

४. गृह मन्त्रालयः राष्ट्रिय सभा सदस्यको रिक्त पदपुर्तिका लागि २०८२ माघ ११ गते आइतवारका दिन निर्वाचनको मिति तोक्ने।

५. गृह मन्त्रालयः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७ को नियम ३० को उपनियम (६) को खण्ड (झ) को प्रयोजनको लागि देहायका क्षेत्र/प्रणालीहरूलाई प्रचलित कानूनले तोकेको सुरक्षा मापदण्ड पूरा गरेको यकिन गरी विद्युतीय प्रणालीमार्फत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा रहेको तथ्याङ्कमा पहुँच उपलब्ध गराउन सक्ने गरी क्षेत्र तोक्ने।
(क) वैदेशिक रोजगार सेवासम्बन्धी
(ख) अदालतका मुद्धा व्यवस्थापनसम्बन्धी
(ग) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वैदेशिक अध्ययन अनुमति सेवासम्बन्धी
(घ) स्थानीय तहको पञ्जीकरण, नागरिकता, सामाजिक सुरक्षा, राहत तथा विपद् व्यवस्थापनसम्बन्धी
(ङ) अध्यागमन सेवासम्बन्धी
(च) बन्दीको पहिचान, प्रमाणीकरण तथा बन्दीहरूको विवरणसम्बन्धी

६. गृह मन्त्रालयः गृह मन्त्रालय र अन्तर्गतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने।

७. परराष्ट्र मन्त्रालयः बेल्जियमको ब्रसेल्समा २०८२ मङ्सिर ९ देखि १५ गतेसम्म आयोजना हुने नेपाल र यूरोपेली संघबिचको संयुक्त आयोगको सोह्रौं बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिवको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र उक्त भ्रमण स्वीकृत गर्ने।

८. परराष्ट्र मन्त्रालयः कतारको दोहामा आयोजना हुने Second World Summit for Social Development मा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलको नेतृत्वमा सहभागी हुने नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने तथा २०८२ कात्तिक १७ देखि २० गतेसम्मको भ्रमण स्वीकृत गर्ने।

९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः भूउपयोग (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी विष्णु कुमार खड्कालाई सोही सेवाको उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

११. रक्षा मन्त्रालयः नेपाली सेनाका उपरथी भोलानाथ थापालाई २०८२ कात्तिक १० देखि २२ गतेसम्म मित्रराष्ट्र भारतमा सञ्चालन हुने IN-STEP: INTERNATIONAL STRATEGIC ENGAGEMENT PROGRAMME मा सहभागी हुन स्वीकृति दिने।

१२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूहका प्रमुख सेनानी संजय के.सी.लाई सोही सेवा, समूहको महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

१३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः २०८२ मङ्सिर १ देखि ३ गतेसम्म थाइल्याण्डको बैङ्ककमा आयोजना हुने Sixth Session of the Tokyo Convention Committee in Conjunction with the Fourth APNNIC Plenary and the Nineteenth Session of the Bangkok Convention Committee विषयक कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (शिक्षा) श्री चूडामणि पौडेललाई सहभागी हुन स्वीकृति दिने।

१४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः छापाखाना र प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

१५. मिति २०८२।६।९ को बैठकबाट गठन भएको मन्त्रिपरिषद्का समितिमा हेरफेर गरी मन्त्रिपरिषद्का समितिहरू पुनर्गठन गर्ने।

**म.प.बै.सं. ३३।०८२**

**संवत् २०८२ साल कात्तिक १७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल न्याय सेवा, सरकारी वकील समूहका राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ता श्री घनश्याम ओझालाई वैदेशिक रोजगार न्यायाधिकरणको सदस्य तोक्ने।

२. अर्थ मन्त्रालयः नेपाल सरकार (मन्त्रिपरिषद्) को २०८२ बैशाख १५ को निर्णयबमोजिम जनकपुर चुरोट कारखाना लिमिटेड, गोरखकाली रबर उद्योग लिमिटेड, उदयपुर सिमेन्ट उद्योग लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड र नेपाल ओरियण्ड म्याग्नेसाइट प्रा.लि. गरी सात वटा प्रतिष्ठानको सरकारी लगानी व्यवस्थापन गर्ने निर्णय गरिएकोमा उक्त कार्य सम्पन्न गर्न तीन महिना समय थप गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः विश्व व्यापार संगठनको माराकेस सम्झौताबमोजिम स्विट्जरल्याण्डको जेनेभामा २०८२ मङ्सिर १ देखि ३ गतेसम्म आयोजना हुने नेपालको व्यापार नीतिको तेस्रो समीक्षामा सहभागी हुन वाणिज्य तथा आपूर्ति सचिव डा. राम प्रसाद घिमिरेलाई स्वीकृति दिने।

४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप कोष सञ्चालन नियमावली, २०८२ स्वीकृत गर्ने।

५. खानेपानी मन्त्रालयः थाइल्यान्डको बैंककमा आयोजना हुने High-Level summit on Water Security and Resilience विषयक कार्यक्रममा २०८२ मङ्सिर २२ देखि २६ गतेसम्म सहभागी हुन खानेपानी मन्त्रालयका सचिव श्री प्रमिला देवी शाक्य बज्राचार्यलाई स्वीकृति दिने।

६. गृह मन्त्रालयः जेन-जी (Gen-Z) पुस्ताद्वारा २०८२ भदौ २३ र २४ गते भएको प्रदर्शनको क्रममा मृत्यु भएका ४५ जना व्यक्तिहरूलाई राज्यकोतर्फबाट शहीद घोषणा गर्ने।

७. गृह मन्त्रालयः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

८. गृह मन्त्रालयः सर्वोच्च अदालतबाट रिट नं. ०७१-WO-०५१२ को मुद्दामा मिति २०७४/११/१३ जारी भएको आदेशबमोजिम रिट निवेदक पदममाया गुरुङ्गलाई क्षतिपूर्ति बापत छ लाख तीन हजार छ सय रुपियाँ प्रदान गर्ने।

९. गृह मन्त्रालयः विपद् संकटग्रस्त क्षेत्र घोषणा भएका ईलाम जिल्लाका प्रभावित स्थानीय तहहरूलाई शीघ्र पुनर्लाभिका लागि सहयोग उपलब्ध गराउन आवश्यक पर्ने रकम जम्मा पाँच करोड तीस लाख रुपियाँ अर्थ मन्त्रालयले विपद् व्यवस्थापन कोषमा निकासा दिने।

१०. गृह मन्त्रालयः दक्षिण कोरियाका MIJIN LEE लाई गैरकानूनी रूपमा नेपाल प्रवेश गरेको मितिदेखि निष्कासन मितिसम्म प्रचलित कानूनअनुसार लाग्ने विलम्ब शुल्क र जरिवाना वापतको रकम मिनाहा गरी नेपालबाट प्रस्थान गराउने।

११. रक्षा मन्त्रालय नेपाली सेना, सैनिक साधारण सेवाका दशजना प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्न पूर्वस्वीकृति दिने।

१३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित कार्यक्रम तथा आयोजनाहरूको आ.व. २०८२/८३ को लागि अधिकृतस्तरका दश अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः निजामती सेवाका २१ जना राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवहरूको सरुवा गर्ने।

१६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको कार्यालयको लागि आर्थिक वर्ष २०८२/८३ मा आवश्यक पर्ने अधिकृतस्तरका आठ पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

**म.प.बै.सं. ३४।०८२**

**संवत् २०८२ साल कात्तिक २४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः स्थानीय जलवायु अनुकुलनशील जीवनयापन सुविधा परियोजनाको लागि संसोधित अनुदान सहायता रकम स्वीकार गर्ने।

२. अर्थ मन्त्रालयः विद्युत एमसिए-नेपालले निर्माण गर्ने ४०० के.भि. विद्युत प्रसारणलाइनको लागि आवश्यक नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, तनहूँ, चितवन, धादिङ, सिन्धुपाल्चोक, काठमाडौं, नुवाकोट र मकवानपुर जिल्लामा पर्ने विद्युत प्रसारणलाइनको मध्य रेखाबाट २३ मिटर दायाँ र २३ मिटर बायाँमा पर्ने करिब १३८१ हेक्टर क्षेत्रफलका जग्गामा कसैले कुनै प्रकारको संरचना निर्माण गर्न तथा रुख रोप्न नपाउने गरी नेपाल राजपत्रमा निषेधाज्ञाको सूचना जारी गर्ने।

३. अर्थ मन्त्रालयः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः भारतको विशाखापटनममा आयोजना हुने 30th Partnership Summit, 2025 मा २०८२ कार्तिक २८ देखि २९ सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीलाई स्वीकृति दिने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने।

६. गृह मन्त्रालयः नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२ असोज ५ गतेको निर्णयबमोजिम गठित जाँचबुझ आयोगका लागि १५ जना थप कर्मचारी उपलब्ध गराउने।

७. गृह मन्त्रालयः २०८२ कात्तिक २६ देखि २८ गतेसम्म भारतको नयाँ दिल्लीमा सञ्चालन हुने Nepal-India Coordination Meeting को ९औं बैठकमा सहभागी हुन सशस्त्र प्रहरी वल, नेपालको महानिरीक्षक श्री राजु अर्यालको संयोजकत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने।

८. गृह मन्त्रालयः सर्वोच्च अदालतको मिति २०७४/२/९ को उत्प्रेषणयुक्त परमादेशबमोजिम हाल जिल्ला प्रशासन कार्यालय, स्याङ्जाको कार्यालय रहेको पुतलीबजार नगरपालिका वडा नं. १ स्थित ५-१२-१-२ रोपनी जग्गाको क्षतिपूर्ति वापत एक करोड रुपियाँ रिट निबेदक श्यामप्रसाद श्रेष्ठलाई क्षतिपूर्तिवापत उपलब्ध गराउने।

९. गृह मन्त्रालयः प्रहरी अतिरिक्त महानिरीक्षक श्री दान बहादुर कार्कीलाई मिति २०८२ कात्तिक २७ देखि लागू हुने गरी नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः रेशम खेती विकास कार्यक्रम धनकुटाको नाममा रहेको २५-५-३-० रोपनी जग्गा प्रादेशिक अस्पताल निर्माणका लागि साविक धनकुटा जिल्ला अस्पताललाई उपयोग गर्न दिन स्वीकृति दिने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः १० जिल्लाका गरिब परिवारको सूची स्वीकृत गर्ने विषयको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने।

१२. युवा तथा खेलकुद मन्त्रालयः २०८२ फागुन १ देखि ७ गतेसम्म कर्णाली प्रदेशमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न स्वीकृति दिने।

१३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूहअन्तर्गत मेडिकल उपसमूहतर्फका प्रमुख सेनानी डा. सविता भट्ट र डा. विकास श्रेष्ठलाई सोही सेवा समूह तथा उपसमूहको महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेनाद्वारा सञ्चालन हुने तालिमहरूको सहयोगार्थ नेपाली सेना र Office of Defense Cooperation (ODC), US Embassy बिच गरिएको Administrative Memorandum of Understanding (MOU) को अवधि अप्रिल ६, सन् २०२५ देखि लागु हुनेगरी दुई वर्षका लागि नवीकरण गर्न स्वीकृति दिने।

१५. वन तथा वातावरण मन्त्रालयः Emergent Forest Finance Accelerator, Inc. र नेपाल सरकारबिच हस्ताक्षर हुने Emission Reduction Purchase Agreement (ERPA) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१६. वन तथा वातावरण मन्त्रालयः कार्बन व्यापार नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः २०८२ मङ्सिर ८ देखि १२ गतेसम्म अष्ट्रेलियाको सिड्नीमा आयोजना हुने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) श्री विश्ववाबु पुडासैनीलाई IAEA School on Nuclear and Radiological Leadership for Safety and for Nuclear Security कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदुरपश्चिम प्रदेशको प्रमुख सचिव पदमा नेपाल शिक्षा सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री बैकुण्ठप्रसाद अर्याललाई कायममुकायम मुकरर गर्ने।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः स्वास्थ्य बीमा बोर्ड, काठमाडौं, गेटा अस्पताल, धनगढी, कैलाली; सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरा, बाँके; डडेल्धुरा अस्पताल, डडेल्धुरा र कान्ति बाल अस्पताल, काठमाडौंको आ.व. ०८२/८३ का लागि अधिकृतस्तरका २५६ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः अतिरिक्त स्वास्थ्य सचिव डा. टंक प्रसाद बारकोटीको राजीनामा स्वीकृत गर्ने।

२१. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः भूउपयोग (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

२२. गृह मन्त्रालयः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

२३. मधेश प्रदेशका प्रदेश प्रमुख श्री सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

२४. श्री सुरेन्द्र लाभ कर्ण, धनुषालाई मधेश प्रदेशको प्रदेश प्रमुखमा नियुक्त गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

२५. निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री कमल प्रसाद पोखेल(शर्मा), श्री बाबुराम अधिकारी, श्री भुपाल बराल र श्री कृष्णप्रसाद काप्रीको सरुवा गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**